PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratekdaily.com

तातो हावा "लू"बाट जोगिने उपाय
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश
- देशको ७२ जिल्लामा डेङ्गु बिरामी देखा परेको छ । डेङ्गु फैलाउने लामखुट्टेले सफा पानीमा फुल पार्छ ।
- सफा पानी धेरै बेरसम्म खुला नराखौं । खाली टायर, गमलामा पनि लार्भा हुर्कन्छ । एसी, कूलरको पानी पनि बेलाबेलामा बदलिराखौं र डेङ्गुबाट बचौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार १४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 28 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९६

## महानगरमा व्यवसाय र बहाल करदाता घट्दै

प्रस, वीरगंज, १३ असार/

वीरगंज महानगरपालिकामा व्यवसाय गर्नेहरूको सङ्ख्या दिन प्रतिदिन घटिरहेको छ। आर्थिक मन्दीको कारण चालू व्यवसायलाई बन्द गर्नेको सङ्ख्या दैनिक १० को हाराहारीमा रहेको वीरगंज महानगर राजस्व महाशाखाका प्रमुख मनोज कर्णले बताए ।




उनले व्यवसाय करको इजाजत लिएकाहरूको सङ्ख्या चालू आवमा सबैभन्दा बढी घटिरहेको बताए । उनले चालू आवमा व्यवसाय करदाता छ हजार ८०४ रहेकामा दुई हजार ५३५ जनाले मात्र कर तिरेका र चार हजार २६९ जनाले कर तिर्न बाँकी रहेको बताए । उनले गत आवमा छ हजार ८१५ जना व्यवसाय कर तिर्ने व्यक्ति रहेकामा दुई हजार ५०४ जनाले मात्र करचुक्ता गरेका र चार हजार ३११ जनाले कर तिर्न बाँकी रहेको उनले बताए ।

उनले वीरगंज महानगरमा व्यवसाय कर तिर्नेहरूको सङ्ख्या यकीन नभए पनि अहिले उनीहरूले सञ्चालन गरेका व्यवसाय बन्द गर्दा आन्तरिक राजस्व कार्यालयमा वीरगंज महानगरको सिफारिशपत्र आवश्यक भएकोले सो सिफारिश लिएर व्यवसाय बन्द गर्नेहरूको सङ्ख्याबाट यो कुराको पुष्टि भएको बताए। महानगरले व्यवसाय बन्दको लागि सिफारिश गर्दा कम्तीमा एक वर्षको व्यवसाय कर लिएर सिफारिश दिने गरेको बताए ।

आन्तरिक राजस्व कार्यालयमा पान र मूअकरमा दर्ता रहेका व्यवसायीहरूले अहिले धमाधम व्यवसाय बन्द गरिरहेका र यसले आगामी आवको आन्तरिक स्रोतमा पनि असर पर्ने उनले बताए ।

वीरगंज मनपामा गत आवमा ६२ हजार ७७७ जना सम्पत्ति करदातामध्ये २५ हजार ८६६ जनाले कर तिरेका थिए। यसैगरी, चालू आवमा ७० हजार ८५१ जना करदातामध्ये ३६ हजार ५८६ जनाले मात्र कर तिरेका थिए। राजस्व महाशाखा प्रमुख कर्णले करदाताहरूले प्रत्येक वर्ष कर नतिर्ने र कसैकसैले दुई/तीन वर्षको अन्तरमा तिर्ने हुनाले यो सङ्ख्या देखिएको बताए। महानगरमा गत आवमा दुई हजार ३८४ जना करदातामध्ये एक हजार ९०४ जनाले मात्र घरबहाल कर तिरेका थिए भने चालू आवमा चार हजार ३७६ मध्ये एक हजार २७५ जनाले मात्र बहालकर तिरेका छन् । बहालकरमा पनि चालू आवमा तिर्नेभन्दा तीन गुणा बढी नतिर्नेको सङ्ख्या छ भने गत वर्ष नतिर्ने सङ्ख्या कम र तिर्नेको सङ्ख्या बढी थियो ।

गत वर्ष ४८० जनाले मात्र कर तिरेका थिएनन् भने यस वर्ष तीन हजार १०१ जनाले घरबहाल कर तिरेका छैनन्। महानगरले चालू आवमा आन्तरिक स्रोत ७५ करोड आकलन गरेकोमा पछि पुनः पुसमा ल्याइएको संशोधित बजेटमा २० करोड बढाएको थियो। तर महानगरले असार १० गतेसम्म पनि ७५ करोडको लक्ष्य पूरा हुने अवस्था देखिंदैन ।

चालू आवको जेठ मसान्तसम्म महानगरले ४६ करोडको हाराहारीमा आन्तरिक राजस्व सङ्कलन गरेको छ भने असार मसान्तसम्म ६२-६५ करोडसम्म पुग्ने अनुमान गरेको छ। यो अवस्थामा आगामी आवमा महानगरले लिएको ७९ करोड आन्तरिक राजस्व सङ्कलनको लक्ष्य पनि पूरा हुनेमा आशङ्का छ ।

## रामवन जोगाउन प्रजिअलाई ज्ञापनपत्र

प्रस, परवानीपुर, १३ असार/

वीरगंज महानगर-३२ रामवन जोगाउन पर्साका राजनीतिक दलका प्रतिनिधिहरूले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन बुझाएका छन् ।

रामवनमा प्राकृतिक चिडियाखाना बनाउन रामवन बस्ती हटाउन जिल्ला वन कार्यालयले १५ दिने सूचना जारी गरेपछि आज पर्साका सम्पूर्ण राजनीतिक दलले प्रजिअ दिनेशसागर भुसाललाई ज्ञापनपत्र बुझाएका छन् ।

यस अघि सर्वदलीय टोलीले रामवनमा रहेको बस्तीको भ्रमणसमेत गरेको थियो ।

भ्रमणपश्चात् सर्वदलीय टोलीले बस्ती बचाएर चिडियाखाना बनाउन सकिने देखिएकोले मानवबस्ती बचाएर विकास निर्माणलाई अघि बढाउन अनुरोध गरिएको राष्ट्रिय स्वतन्त्र पार्टीका पर्सा जिल्ला संयोजक हरि पन्तले जानकारी गराए ।

सर्वदलीय टोलीमा नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्री, नेकपा, एमाले पर्साका अध्यक्ष डा विश्वम्भर शर्मा, जसपा, पर्सा सचिव तबरेज अहमदलगायत राजनीति दलका प्रतिनिधिहरूको सहभागिता थियो।


तस्वीरः सौजन्य

ज्ञापनपत्र बुझ्दै प्रजिअ भुसालले बस्ती बचाएर कमसेकम क्षतिमा समस्या समाधान गर्न पहल गर्ने बताए। रामवनमा ११० भन्दा बढी घरधुरी छन् ।

## ब्रह्मपुरीमा पाँच दिने योग शिविर सञ्चालन

प्रस, परवानीपुर, १३ असार/

कलैया उपमहानगरपालिका-१७ ब्रह्मपुरीस्थित हाम्रो पाठशाला इङ्ग्लिश बोर्डिङ स्कूलको आयोजनामा पाँच दिने योग विज्ञान शिविर शुरू भएको छ ।

असार ११ गते मङ्गलवारदेखि शुरू भएको सो शिविर १५ गते शनिवारसम्म चल्ने आयोजक स्कूलका प्रबन्ध निर्देशक योगेन्द्रप्रसाद राउतले बताए । पतञ्जलि योग समिति बाराको संयोजनमा आयोजना भइरहेको योग विज्ञान शिविर बिहान ५:३० देखि ६:३० बजेसम्म

(बाँकी पाँचौं पातामा)


तस्वीरः प्रतीक

## सूचना उपलब्ध गराउन गरुडा नपालाई आयोगको आदेश

प्रस, रौतहट, १२ असार/

गरुडा नगरपालिकाले सूचना दिन आलटाल गरेकोले राष्ट्रिय सूचना आयोग, काठमाडौंले सात दिनभित्र सूचना उपलब्ध गराउन गरुडा नगरपालिकाको नाउँमा आदेश गरेको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० (३) (क) अनुसार सूचना उपलब्ध गराउन आयोगले आदेश जारी गरेको हो । सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली तथा प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङद्वारा हस्ताक्षरित आदेशपत्रमा नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ ।

संविधानले नागरिकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ जारी भई कार्यान्वयनमा रहेका छन् ।

उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको उपदफा (२)मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ ।

संयुक्त राष्ट्रसङ्घसमेतले सूचनाको पहुँचलाई मानव अधिकारको रूपमा स्वीकार गरेको छ । यस्तो अवस्थामा नागरिकले माग गरेको सूचना समयमैं र माग गरेको स्वरूपमा उपलब्ध गराउनु सबै सार्वजनिक निकायको कर्तव्य र दायित्वभित्र पर्न आउँछ ।

यसबाट सर्वसाधारण नागरिकको अपनत्व तथा सार्वजनिक निकायको पारदर्शिता र उत्तरदायित्वप्रतिको प्रतिबद्धता पनि देखिने हुन्छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उदफा (१) मा सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिब कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिकरूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि २५ हजार रुपियाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाई हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ उल्लेख भएको छ ।




सार्वजनिक निकायलाई आफ्नो भनाइ राख्ने पर्याप्त समय दिंदा पनि आयोगको आदेशप्रति बेवास्ता भनी लिखित जवाफ पेश नगरेको देखिन्छ । सूचना मागकर्ताले माग गरेको विषय सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) मा उल्लिखित सूचना प्रवाह गरिनेछैन भन्ने विषयभित्र परेको देखिंदैन। सूचना मागकर्ताले माग गरेको सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको दायित्व भएको र सूचना सरल र सहजरूपमा उपलब्ध गराउँदा सार्वजनिक निकायप्रतिको अपनत्वमा अभिवृद्धि हुन्छ। तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना ७ (सात) दिनभित्र उपलब्ध गराउनू भनी गरुडा नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली तथा प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङद्वारा हस्ताक्षरित आदेशपत्रमा उल्लेख छ । जेठ २७ गते जारी भएको आदेशपत्रमा सो उल्लेख गरिएको छ ।

रौतहट जिल्ला, गौर नपा-२ निवासी शैलेन्द्र झाले गरुडा नगरपालिकाको कार्यालय, रौतहटसमक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराइपाउँ भनी आयोगसमक्ष मिति २०८१/१/३ मा पुनरावेदन गरेका थिए ।

पुनरावेदनको सम्बन्धमा आयोगबाट गरुडा नगरपालिकाको कार्यालय, रौतहटको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र आयोगसमक्ष लिखित जवाफ पठाउनू भनी मिति २०८१/१/६ मा आदेश भएको थियो ।

आयोगको आदेशपश्चात् गरुडा नगरपालिकाको कार्यालय रौतहटले तोकिएको म्याद सकिंदा पनि कुनै जानकारी उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०८१/२/२२ मा उजूरी गरेका थिए ।

## नारायणीमा एचआइभीको लागि शल्यक्रिया गर्नुपर्ने माग उठ्यो

प्रस, परवानीपुर, १३ असार/

सहयात्री समाज वीरगंजको आयोजनामा एचआइभी जिल्ला समितिका सरोकारवालाहरूबीच समन्वय बैठक सम्पन्न भएको छ । बैठकमा नारायणी अस्पतालमा एचआइभी सङ्क्रमितहरूको शल्यक्रिया गर्नुपर्ने माग उठेको थियो । त्यसैगरी, एचआइभी सङ्क्रमितको लागि थुनुवा कक्षको लागि राज्यले कानूनी व्यवस्था बनाउनुपर्ने माग उठेको छ । पर्साका विभिन्न सरोकारवाला संस्थाहरूको सर्वपक्षीय भेलाले जानकारी लिंदै एचआइभी सङ्क्रमितलाई प्रवाह गर्ने सेवा सुविधा कसरी सहज र सरल किसिमले पुऱ्याउने भन्ने विषयमा छलफल केन्द्रित थियो ।

त्यसैगरी, एचआइभी सङ्क्रमितहरूको परीक्षणको दायरा बढाउन एचआइभी कीटको सङ्ख्या बढाएर उपलब्ध गराउनुपर्ने माग उठेको थियो। बैठकपछि आयोजक संस्थाले आएका सुझावलाई माथिल्लो निकायमा प्रतिवेदन पठाउने र आगामी दिनमा जिल्लामा एचआइभी सङ्क्रमितको उपचार प्रभावकारी बनाउन भूमिका निर्वाह गर्नुपर्ने प्रतिबद्धता जनाएको छ ।

संस्थाका कार्यक्रम संयोजक सुरज लिम्बूको अध्यक्षतामा भएको कार्यक्रममा नारायणी अस्पतालका चिकित्सक प्रभाकरराज पाण्डे, स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुर, वीरगंज महानगर सामाजिक शाखा प्रमुख राजेश गिरी, स्वास्थ्य शाखा अधिकृत सुमनचन्द्र ठाकुर, नेपाल आराधना समाजका कार्यक्रम संयोजक अवधेशप्रसाद साह, नारायणी अस्पतालका एआरटी परामर्शदाता (एनटिरेट्रो थेरापी काउन्सलर) ओमप्रकाश साह, एएचएफ वीरगंजका प्रतिनिधि एवं पर्साका १० वटा पालिकाका स्वास्थ्य शाखा प्रमुखहरूको सहभागिता रहेको सहयात्री समाज वीरगंजका अनुगमन तथा मूल्याङ्कन अधिकृत जटाशङ्करप्रसाद साहले जानकारी दिए ।


तस्वीरः प्रतीक

बैठकमा पर्सामा एचआइभी सङ्क्रमितहरूलाई उपलब्ध गराइने सेवा सुविधाबारे इपिक नेपाल/एफएचआई (फेमिली प्लानिङ इन्टरनेशनल ३६०)का मधेस प्रदेश संयोजक अजय कटुवालले कार्यपत्र प्रस्तुत गरेका थिए । पर्सामा करीब पाँच सयको हाराहारीमा एचआइभी सङ्क्रमित सहयात्री समाजमा आबद्ध रहेका छन् ।

## विचारसार र सूक्तिहरू

**निन्दा गर्ने मानिसको पहिचान छिटो हुन्छ । प्रेम रसजस्तै मिसिन्छ र घृणा आगोजस्तो फैलन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


## सचेतना अचूक औषधि

**डेङ्गु रोग एक प्रजातिको लामखुट्टेको टोकाइबाट हुने सरुवा रोग हो । यो रोग एडिज एजिप्टाई र एडिज अल्वोपिक्ट्स जातको पोथी लामखुट्टेबाट सर्छ। जसले विशेषगरी बिहान घाम झुल्कने बेला र साँझ घाम अस्ताउने बेला टोक्ने गर्छ। डेङ्गुका लामखुट्टे चार फिटभन्दा बढी उड्न सक्दैन। फोहरमा बस्ने तर सफा पानीमा फुल पार्ने यो लामखुट्टेको विशेषता भएकोले कतिपयले डेङ्गु सार्ने लामखुट्टेलाई राजा लामखुट्टे पनि भन्छन् । डेङ्गु रोगीलाई टोकेको लामखुट्टेले स्वस्थ व्यक्तिलाई टोकेमा स्वस्थ व्यक्ति पनि सङ्क्रमित हुन्छन्। यो रोगका लक्षणमा एक्कासि टाउको दुख्ने, उच्च ज्वरो आउने, मांसपेशी दुख्नुका साथै ढाडका जोर्नीहरू दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, नाक, गिजाबाट रगत बग्ने आदि लक्षणहरू देखिने, कतिपयलाई कमजोरी महसूस भई रिङ्गटा पनि लाग्ने र बेहोश हुने गर्छन् । डेङ्गु लागेपछि रगतमा प्लेटलेटको सङ्ख्या तीव्ररूपमा घट्दै जाने गर्छ । यसो हुँदा बिरामीका लागि खतरा हुन सक्छ ।**

**चिकित्सकीय अध्ययनका अनुसार एक प्रकारको विषाणुबाट डेङ्गु भइसकेको व्यक्तिलाई अर्को प्रकारको विषाणु भएको लामखुट्टेले टोकेको खण्डमा भने डेङ्गु घातक हुन्छ । यसले ठूला रोगहरूको सङ्क्रमण गराउन सक्छ । जस्तै डेङ्गुका साथै इन्सेफ्लाइटिस, मलेरिया र जिका भाइरसलगायतका रोगको सङ्क्रमण हुन सक्छ। यसो भएमा मानिसको ज्यान जान सक्छ। भाइरसको कारण डेङ्गु भएपनि यो कोरोना भाइरस, स्वाइन फ्लू वा क्षयरोग जस्तो श्वास, हावा, र्‍यालबाट सर्ने रोग होइन। यस रोगको सुरुआत, सङ्क्रमणको माध्यम र घातक पनि लामखुट्टेबाटै हुने गरेको छ। लामखुट्टेको बासस्थान नै नष्ट गरिदियौं भने डेङ्गुलगायत धेरैवटा रोगको सङ्क्रमणबाट बच्न सकिन्छ। खासगरी पानी परेको बेलामा लामखुट्टेहरूको विकास तीव्र गतिमा हुन्छ। यस्तो अवस्थालाई लक्षित गरेर अहिले वीरगंज महानगरपालिकाले स्वास्थ्य कार्यालयसँगको सहकार्यमा वडा नं १ देखि १६ सम्म बायोलार्भिक साइटिस स्प्रे गर्दैछ । बायोलार्भिक साइटिस पानीमा मिलाएर लामखुट्टे उत्पादन हुने क्षेत्रलाई लक्षित गरेर छर्किने गरिन्छ, जसले गर्दा लामखुट्टेको अन्डा र लार्भा नष्ट हुन्छन् र विकसित हुन सक्दैन ।**

**हरेक परिवारले आफ्नो घर र सो आसपासका क्षेत्रमा सफा पानी जम्म नदिने हो भने डेङ्गु सार्ने पोथी लामखुट्टेले फुल पार्ने ठाउँ पाउँदैन । फुल पार्ने ठाउँ नभएपछि उसको बसाइ अन्यत्र हुन्छ र सन्तान वृद्धि गर्न नसके उसबाट हुने क्षति टर्छ । घरको एसी र फ्रिजबाट निस्किएको पानी दैनिकी सफा गर्ने, वर्षामा पानी जम्ने घरवरिपरिका खाल्डाखुल्डी पुर्ने, खाली बट्टा, खपडा, टायर, बोतल र गमलाहरूमा पानी छ भने फाल्ने । यसका अतिरिक्त सुत्ने बेला कम्तीमा मच्छडदानी प्रयोग गर्ने र लामखुट्टेको टोकाइबाट जोगिने प्रयत्न गरेको खण्डमा डेङ्गुबाट बच्न सकिन्छ । यसका साथै डेङ्गुको सङ्क्रमणबाट जोगिनका लागि डेङ्गु भएको बिरामीलाई मच्छडदानीको अनिवार्य प्रयोग गराएमा सङ्क्रमणको दर घट्छ। रोग लाग्नुभन्दा रोग नलाग्ने जुक्ति गर्नु उत्तम हुन्छ । यस अर्थमा अहिलेको मौसममा डेङ्गुलगायतका रोगबाट आफू पनि बच्ने र समुदायलाई पनि बचाउनका लागि आफूले जानेका कुरा अरूलाई जानकारी गराएर सचेत पार्नु पनि उत्तम उपाय हुन सक्छ ।**

# ऋण होइन अनुदानको खाँचो

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**बिआरआई अन्तर्गतको ऋण लिंदा त्यसमा के के शर्तहरू छन् ? त्यसबारे जान्ने अधिकार देशलाई पनि छ । नेपाली जनताले पुस्तौंसम्म बेहोर्नुपर्ने दायित्व र मुलुकको सार्वभौम अधिकार नै गुम्ने सम्भावना भएका विषयमा प्रश्न गर्ने र पारदर्शीको माग गर्ने हक नेपाली जनतालाई नै छ ।**

चिनियाँ राष्ट्रपति सी जिनपिङको महत्त्वाकाङ्क्षी रणनीतिक एवं आर्थिक परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) पूरै विश्वमा चर्चाको विषय बनेको छ। स्वाभाविकरूपमा नै यो हाम्रो देशमा पनि चर्चाको विषय छ । हाम्रो देशमा बिआरआई अन्तर्गत केवल ऋणको प्रावधान मात्रै छ । यसमा अनुदानको प्रावधान नै छैन। आजसम्म विश्वका कुनै पनि देशले बिआरआई अन्तर्गत अनुदान प्राप्त गरेको उदाहरण छैन तर हाम्रा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अनुदान र ऋण दुवै लिने गरी चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ ( बिआरआई) कार्यक्रम कार्यान्वयनको सम्झौताको तयारी भएको बताउनुको अर्थ नेपालले आफ्नो देशमा बिआरआई कार्यान्वयनको लागि तयार रहेको मान्नुपर्छ ।

यसै साता प्रतिनिधिसभामा परराष्ट्र मन्त्रालयको बजेटमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा प्रधानमन्त्री प्रचण्डले बिआरआई कार्यान्वयन सम्झौता गर्न लागिएको जानकारी गराए। प्रधानमन्त्री प्रचण्डका अनुसार बिआरआई अन्तर्गत पहिलो प्राथमिकतामा अनुदानका कार्यक्रमहरू रहने र दोस्रो प्राथमिकतामा मात्रै ऋणको विषयलाई राखिने जानकारी दिए। साथै ऋण लिंदा एशियाली विकास बैंक (एडिबी) र वर्ल्ड बैंकको ब्याजदर अनुसार लिने सम्झौता गर्न लागिएको जानकारी गराए । बिआरआई अन्तर्गतको ऋण न्यूनतम दुईदेखि पाँच प्रतिशतसम्म रहेको छ। जबकि एडिबी र विश्व बैंकले प्रदान गर्ने ऋण ०.५ प्रतिशतदेखि डेढ प्रतिशतमा मात्रै हुने गर्छ। अहिले नै नेपालमाथि २४ खर्बभन्दा माथिको ऋण भइसकेको छ । त्यस अनुसार प्रत्येक नेपालीको टाउकोमा यो ऋण ८२ हजार रुपियाँभन्दा माथि भइसकेको छ । ऋणको साँवा-ब्याज नियमितरूपमा चुक्ता गरिराख्नुपर्छ। होइन भने आर्थिकरूपले कङ्गाल भइन्छ। ऋणको साँवा-ब्याज चुक्ता गर्न सरकारले जनताको टाउकोमाथि निरन्तररूपमा नयाँ-नयाँ कर निर्धारण गर्छ। सम्भवत: दक्षिण एशियामा मात्रै होइन कि एशियाका अधिकांश देशभन्दा बढी कर नेपालीहरूको टाउकोमा लाद्ने गरिन्छ। यति बढी ऋण बोकेको नेपालले बिआरआई कार्यान्वयन सम्झौतामा पुग्ने निष्कर्षमा पुग्नु आत्मघाती कदम हुनेछ। सायद त्यही भएर होला पूर्वअर्थमन्त्री र नेपाली काङ्ग्रेसका नेता डा प्रकाशरण महतले नेपाल ऋणको मारमा पर्दै आएको र थप ऋणको भार पर्ने कार्य नगर्न सुझाव दिएका छन् । चिनियाँ ऋणमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण त हामीले गर्‍यौं तर त्यसबाट नाफा कमाउने त टाढाको कुरा विगत डेढ वर्षमा चिनियाँ ऋणको ब्याज पनि चुक्ता गर्ने अवस्थामा हामी छैनौं। ब्याज तिर्न पनि राज्यको आम्दानी खर्च गरिराख्नुपरेको छ । एडिबीको सहयोगमा चिनियाँ ठेकेदारले बनाएको भैरहवा विमानस्थलको अवस्था पनि कमोबेस पोखरा विमानस्थल जस्तै छ।

उत्तरी छिमेकी चीननिकट बुद्धिजीवी, लेखक, विद्वान् एवं राजनीतिज्ञहरूले यसलाई नेपालको हितमा बताइ यसको सकारात्मक चर्चा मात्रै गरिरहेका छन्। जबकि नेपालकै लोकतन्त्रवादीहरू र स्वतन्त्र एवं निष्पक्ष अर्थशास्त्रीहरू यसलाई नेपालको हितविपरीत बताउँदै बिआरआईको ऋणका कारण विश्वका कतिपय देशहरूले आफ्नो आत्मसम्मान, स्वाभिमान र सार्वभौमिकतासमेत गुमाउने अवस्था आएको, आफ्नो राष्ट्रिय गौरव मानिएका परियोजनाहरू पनि ९९ वर्षको निम्ति चीनलाई सुम्पिन बाध्य भएका कारण नेपालले बिआरआईको ऋण लिन नहुने निष्कर्ष बनाएका छन् । उत्तरी छिमेकी चीनले दाबी गरे अनुसार पोखराको अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण बिआरआई अन्तर्गतकै ऋणबाट भएको हो। यस्तोमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको डेढ वर्ष बितिसक्दा पनि हामी त्यसको आयबाट चीनलाई तिर्नुपर्ने ऋणको ब्याज पनि चुक्ता गर्ने अवस्थामा छैनौं। जबकि शर्त अनुसार हामीले त चीनसित लिएको ऋणको साँवा र ब्याजको किस्ता निर्धारित समय अनुसार तिर्नुपर्ने हो । नेपालमा बिआरआईको पहिलो उदाहरण नै सुखद र उत्साहप्रद देखिंदैन ।

कुनै अनुदान अथवा ऋण होस् त्यसको उपादेयता, निरूपण र सम्भाव्यता विस्तृतरूपमा विश्लेषण गरिनुपर्छ। ऋण लिएर गरिएको लगानी मूल्यहीन हुँदैन, त्यसलाई ब्याजसहित चुक्ता गर्नुपर्ने हुन्छ। ऋणको कुरा गर्दा ऋण दिने वा नदिने दाताको हातको कुरा हो तर ऋण लिने अथवा नलिने, लिए कस्तो परियोजनामा लिने भन्ने विषय ऋणीको अधिकार क्षेत्रको विषय हो। यसअघिका प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले नेपालमा बिआरआईमार्फतको अनुदान सहयोग त लिने तर ऋण नलिने अडान राखेको थियो। बिआरआई अन्तर्गतको ऋण लिंदा त्यसमा के के शर्तहरू छन्? त्यसबारे जान्ने अधिकार देशलाई पनि छ। नेपाली जनताले पुस्तौंसम्म बेहोर्नुपर्ने दायित्व र मुलुकको सार्वभौम अधिकार नै गुम्ने सम्भावना भएका विषयमा प्रश्न गर्ने र पारदर्शीको माग गर्ने हक नेपाली जनतालाई नै छ । वर्तमान सरकारले पनि चीनसँग अनुदान लिने कुरा मात्रै गर्नुपर्छ।

# एसइई नतीजा : ४७.८६ प्रतिशत विद्यार्थी उत्तीर्ण, गणितमा बढी अनुत्तीर्ण




भक्तपुर, १३ असार/रासस

राष्ट्रिय परीक्षा बोर्डले बिहीवार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतीजामा ४७ दशमलव ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष प्राडा महाश्रम शर्माले नतीजा सार्वजनिक गर्दै चार लाख ६४ हजार ७८५ परीक्षार्थीले परीक्षा दिएको जानकारी दिंदै उत्तीर्ण भएकामध्ये १८६ जनाले चार जिपिए ल्याएको बताए । परीक्षामा सहभागी भएकामध्ये ५२ दशमलव १४ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भएका छन्। एक लाख १४ हजार ४८ छात्र र एक लाख २८ हजार २५७ छात्रासहित कुल दुई लाख ४२ हजार ३१३ परीक्षार्थीको ‘एनजी’ अर्थात् ‘ननग्रडेड’ आएको छ ।

बोर्डका अध्यक्ष प्राडा शर्माले एउटा विषयमा एनजी आउने ६७ हजार ७९३ र दुईवटा विषयमा एनजी आउने ४८ हजार ३८ विद्यार्थी रहेका छन् । २२१ जनाको परीक्षा रद्द भएको उनले जानकारी दिए ।

यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतीजा सार्वजनिक गरिएको हो । सैद्धान्तिक ७५ पूर्णाङ्क विषयमा कम्तीमा २७ अङ्क र आन्तरिक मूल्याङ्कन २५ पूर्णाङ्कमा कम्तीमा १० अङ्क प्राप्त गर्नुपर्ने हुन्छ । एक सय पूर्णाङ्कमा कम्तीमा ३७ अङ्क ल्याउनुपर्ने अन्यथा त्योभन्दा कम अङ्क आएमा ‘एनजी’ ननग्रेडड आउँछ।

**सबैभन्दा बढी गणितमा अनुत्तीर्ण**

यस वर्षको एसइईमा सबैभन्दा बढी विद्यार्थीको गणितमा एनजी आएको छ। गणित विषयमा एक लाख ७७ हजार ९८५ विद्यार्थीको एनजी आएको छ ।

यस्तै, विज्ञानमा एक लाख २६ हजार ९३३ तथा अङ्ग्रेजीमा एक लाख एक हजार ३८३ विद्यार्थीको एनजी आएको बोर्डका अध्यक्ष प्राडा शर्माले बताए ।

सामाजिकमा ७३ हजार ८७७, नेपालीमा ६९ हजार ५३२, अर्थशास्त्रमा ६९ हजार ४१६ तथा ऐच्छिक गणितमा २० हजार ३५२ जना विद्यार्थीको एनजी आएको छ । दुईवटा विषयसम्म एनजी आउने विद्यार्थीको हकमा पूरक परीक्षा आगामी साउन १८ र १९ गतेलाई तोकिएको छ ।

साउनमा परीक्षा गरेर भदौमा नतीजा सार्वजनिक गर्ने र यसै वर्ष उनीहरूले कक्षा ११ मा भर्ना हुन पाउने गरी व्यवस्था गरिएको छ ।

पूरक परीक्षामा पनि उत्तीर्ण हुन नसक्ने विद्यार्थीको हकमा र दुईभन्दा बढी विषयमा एनजी आएका विद्यार्थीले आउँदो नियमित परीक्षामा एनजी आएको विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था गरिएको छ ।

यस वर्षको एसइई नतीजामा गत वर्षभन्दा सुधार भएको अध्यक्ष प्राडा शर्मा बताउँछन् ।

उनका अनुसार माथिल्लो जिपिए ल्याउनेको सङ्ख्या बढेसँगै नतीजा सुधार भएको हो ।

बोर्डले सार्वजनिक गरेको नतीजा अनुसार यस वर्ष सबैभन्दा बढी अर्थात् ७८ हजार ८७४ विद्यार्थीले दुई दशमलव ८० देखि तीन दशमलव २० जिपिए प्राप्त गरेका छन् । सबैभन्दा कम छजना विद्यार्थीले एक दशमलव ६० देखि दुई दशमलव शून्य जिपिए ल्याएका छन् ।

त्यस्तै, १८६ जना विद्यार्थीले मात्र चार जिपिए, ३१ हजार २०९ जनाले तीन दशमलव ६० देखि चार दशमलव शून्य जिपिए, ६८ हजार २५६ जनाले तीन दशमलव २० देखि तीन दशमलव ६० जिपिए र ७८ हजार ८७४ जनाले दुई दशमलव ८० देखि तीन दशमलव २० जिपिए, ४१ हजार १७७ जनाले दुई दशमलव ४० देखि दुई दशमलव ८० जिपिए र दुई हजार ९५० जनाले दुई दशमलव शून्यदेखि दुई दशमलव ४० जिपिए ल्याएका छन् ।

**यस्तो छ प्रदेशको नतीजा**

आज सार्वजनिक भएको नतीजा अनुसार यस वर्षको एसइई परीक्षामा सबैभन्दा बढी बाग्मती प्रदेशबाट ९९ हजार ८७२ विद्यार्थी सहभागी भएकामा ३३ हजार ८४३ जनाले ननग्रेड (एनजी) पाएका छन् ।

त्यस्तै, लुम्बिनी प्रदेशबाट ८० हजार ३२७ विद्यार्थी सहभागी भएकामा ४९ हजार २२४ जनाको ननग्रेड (एनजी) आएको छ ।

मधेस प्रदेशमा ७९ हजार ५९२ विद्यार्थी सहभागी भएकामा ४२ हजार २८६ जनाले ननग्रेड (एनजी) तथा कोशी प्रदेशमा ७५ हजार ९८८ जना सहभागी भएकामा ३९ हजार ८९५ जनाको ननग्रेड (एनजी) आएको छ ।

गण्डकी प्रदेशमा ४० हजार ५२६ विद्यार्थी सहभागी भएकामा २० हजार २७५ जनाको ननग्रेड (एनजी) आएको छ भने कर्णाली प्रदेशबाट परीक्षामा ३५ हजार ३४ जना सहभागी भएकामा २० हजार ३८० जनाको ननग्रेड आएको छ। सुदूरपश्चिम प्रदेशमा भने ५३ हजार ४४६ विद्यार्थी सहभागी भएकामा ३६ हजार ४१० जनाको ननग्रेड आएको छ । उनीहरूले पूरक परीक्षामा सहभागी हुनुपर्नेछ ।

प्रकाशित नतीजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुन: परीक्षणसमेत गराउन सक्ने व्यवस्था छ। पुनर्योगका लागि परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि कार्यालयको वेबसाइटमा गई पुनर्योग फाराम भरी आवेदन दिने व्यवस्था रहेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## राष्ट्रिय अर्थव्यवस्थामा पर्यटनको महत्त्व

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**तराईका लुम्बिनी र जनकपुर, मात्र यी दुई शहरमा हामीले विश्वभरिबाट ठूलो सङ्ख्यामा पर्यटकहरू भित्र्याउने हो भने तराईको गरीबी ठूलो मात्रामा कम पार्न सक्छौं। तराईका युवाहरूलाई तराईमा नै रोजगार उपलब्ध गराउन सक्छौं। रोजगारको लागि उनीहरू खाडीका मुलुकहरूमा जानुपर्ने बाध्यताको अन्त्य गर्न सक्छौं।**

आधुनिक अर्थव्यवस्थाले पर्यटनलाई अति नै महत्त्व दिन्छ। राष्ट्रिय अर्थव्यवस्थाको एक महत्त्वपूर्ण आधारस्तम्भ नै मान्छ। किन होला ?

पर्यटनमा एक यस्तो सशक्त माध्यम वा वितरण व्यवस्था हो, जसले कुनै पनि राष्ट्रलाई राष्ट्रिय आय–वितरण सन्तुलित पार्न सहयोग गर्छ। पर्यटनलाई प्रभावकारी तुल्याएर कुनै पनि राष्ट्रले आफ्ना नागरिकहरूलाई सन्तुलित किसिमले राष्ट्रिय आय वितरण गर्न सक्छ। निधर्न वा निम्न आय भएका व्यक्तिहरूसम्म पनि आम्दानी पुऱ्याउन सक्छ। पर्यटन यति महत्त्वपूर्ण भएको कारणले गर्दा नै धनी देशहरूले पर्यटनलाई अति महत्त्व दिएका हुन्छन्। आफ्ना हरेक शहरलाई पर्यटन–शहर बनाउने प्रयास गरेका हुन्छन्। हरेक शहरलाई कुनै न कुनै विशेषताले युक्त गर्न खोजेका हुन्छन्।

आउनुहोस्, अब केही विश्वका प्रमुख पर्टकीयस्थलहरूको चर्चा गरौं।

फ्रान्सको पेरिसस्थित आइफिल टावर विश्वको नै एक महत्त्वपूर्ण पर्यटकीय स्थल हो। यो टावरको भ्रमण गर्न विश्वका लाखौं मानिसले सपना देखेका हुन्छन्। प्रत्येक दिन यो टावरको भ्रमण गर्न पर्यटकको लामो लाइन लाग्ने गर्छ। अनुमान गरिए अनुसार प्रत्येक दिन करीब २५ हजार पर्यटकले यस टावरको भ्रमण गर्छन्।

संयुक्त राज्य अमेरिकाको न्यूयोर्क राज्यको न्यूयोर्क शहरको न्यूयोर्क हार्बर स्थित स्टेचु अफ लिबर्टीलाई पनि एक महत्त्वपूर्ण पर्यटकीयस्थल मान्ने गरिन्छ। स्वतन्त्रताको प्रतीकको रूपमा निर्माण गरिएको यो संरचना हेर्न प्रत्येक दिन लगभग १० हजार पर्यटक त्यस लोकप्रिय पर्टकीयस्थलमा पुग्ने गर्छन्।

क्यानडाको ओन्टारियो राज्यको ठूलो शहर टोरन्टोनजीक रहेको नाएग्रा फल्स हेर्न पनि संसारका अनेक देशबाट लाखौं मानिस आउँछन्। प्रकृति–निर्मित यो ताल पनि विश्वका अनेक महत्त्वपूर्ण पर्यटनस्थलहरूमध्ये एक हो। करीब ३३ हजार पर्यटक प्रत्येक दैनिक प्रकृतिको अनुपम लीला हेर्न नाएग्रा फल्स पुग्छन्।

माथि उल्लेख गरिएका पर्यटकीयस्थलहरूमा पुग्ने पर्यटकहरूको सङ्ख्या अध्ययन गर्दा पर्टकीयस्थललाई महत्त्वपूर्ण तुल्याउने हो भने त्यस किसिमको पर्यटकीयस्थल हेर्न लाखौं मानिस त्यहाँ पुग्ने रहेछन् भन्ने तथ्य स्पष्ट हुन्छ।

जब कुनै एक पर्यटक कुनै एक पर्यटनस्थलमा पुग्छ, तब उसले त्यहाँसम्म पुग्ने यातायातका साधनहरूको प्रयोग गर्छ। साथै स्थानीय यातायातका साधनहरूको प्रयोग गर्छ। रात बिताउनका लागि होटलहरूको प्रयोग गर्छ। यसैगरी, उसले विभिन्न रेस्टुरेन्टहरूमा पुगेर खाना खान्छ। खाजा खान्छ। यतिमात्र होइन, उक्त पर्यटकले आफू उक्त पर्यटकीय शहरमा पुगेको सम्झना राख्न स्थानीय सामानहरू खरीद गर्छ। त्यस स्थानको महत्त्व झल्काउने कपडा, कला, चित्र वा अनेक वस्तुहरू खरीद गर्छ। त्यहाँ उपलब्ध रहेका सडक– मनोरञ्जन (जादु, कला, गायन, सङ्गीत, नृत्य आदि)को अवलोकन गर्छ। अर्थात् एक पर्यटकले आफू पुगेको पर्यटनस्थलका विभिन्न स्रोतहरूको प्रयोग गर्छ। विभिन्न वस्तुहरू खरीद गर्छ। विभिन्न स्रोतहरू प्रयोग गरेबापत एवं विभिन्न सामानहरू खरीद गरेबात उसले पैसा भुक्तान गर्छ। र यस्तो कार्य उक्त पर्यटकले आफू त्यस पर्यटनस्थलमा बसेको अवधिभर गर्छ।

जब एक पर्यटकले आफू पुगेको पर्यटनस्थलमा पुगेर विभिन्न स्रोत, साधन एवं वस्तुहरू प्राप्त वा उपयोग गर्न पैसा भुक्तान गर्छ, तब उसको उक्त कार्यबाट विभिन्न स्थानीय व्यक्तिहरूको हातमा आम्दानी पुग्ने वातावरण सृजना हुन्छ। सेवा, सुविधा र मनोरञ्जन प्रदान गर्न त्यस पर्यटनस्थलमा उपस्थित रहेका हरेक व्यक्ति वा संस्थाले आआफ्नो योगदान वा लगानीअनुरूप प्रतिफल (आम्दानी) पाउन वातावरण निर्माण हुन्छ। ठूलो लगानी गरेर व्यापार गर्ने होटल व्यवसायीले पनि आम्दानी प्राप्त गर्ने वातावरण बन्छ भने सामान्य लगानी गरेर सडक मनोरञ्जन प्रदान गर्ने जादुगरले पनि आम्दानी गर्ने वातावरण बन्छ। यसरी पर्यटनले कुनै पनि राष्ट्रलाई राष्ट्रिय आय गरीब नागरिकहरूको हातसम्म पनि पुऱ्याउन सहयोग गर्छ।

यो स्तम्भकार हाल क्यानडाका विभिन्न शहरहरू– टोरन्टो, मोन्ट्रियल, कुवेक, एडमन्टन आदि शहरहरूको भ्रमणमा रहेको र क्यानडाभित्र अनेक देशका पर्यटकहरूसँग भ्रमण गरिरहेकोले यो स्तम्भकारले पर्यटनको महत्त्व अझै बलियो गरी बुझ्न पाएको छ। पाइरहेको छ।

हामीले नेपालमा पर्यटनलाई जति महत्त्व दिनुपर्थ्यो त्यति महत्त्व दिन सकेका छैनौं। हामीसँग पर्यटनस्थलहरूको कमी छैन। धार्मिक, राजनीतिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक, युद्ध, कला यस्ता अनेक विशेषताहरूले युक्त हामीकहाँ हजारौं पर्यटनस्थल छन्। तर हाम्रा यी पर्यटनस्थलहरूको उपयोग हामीले प्रभावकारी किसिमले गर्न सकेका छैनौं। एक प्रभावकारी पर्यटन नीति निर्माण गरेर हामीले हाम्रा पर्यटनहरूको उपयोग व्यवस्थित किसिमले गर्न सक्छौं। लाखौं निर्धन परिवारहरूको हातमा आम्दानी पुग्ने वातावरण निर्माण गर्न सक्छौं।

उद्योगको क्षेत्रमा हाम्रो स्थिति दयनीय हुँदै गएको छ। ठूलो परिमाणमा निर्यात गर्न सक्नु हाम्रोलागि सपनाको कुरा भएको छ। हाम्रो अर्थव्यवस्था अहिले पूर्णरूपमा आयातमुखी हुन पुगेको छ। चीन र भारत र मुख्यगरी भारतबाट अनेक सामग्री आयात नगर्ने हो भने हामी भोकै बस्नुपर्ने स्थिति सृजना भएको छ। तर यो भन्दा पनि ठूलो कुरा हाम्रा आम्दानीका स्रोतहरू सुक्न थालेका छन्।

रोजगारको सङ्कट छ। यो कारणले गर्दा पनि ठूलो सङ्ख्यामा नेपालीहरू रोजगारको लागि विदेशतिर पलायन हुने स्थिति छ। यस्तो स्थितिमा हामीले हाम्रो पर्यटन क्षेत्रलाई सबल तुल्याउने हो भने हामीले स्वदेशमा नै अनेक रोजगार सृजना गर्न सक्छौं। लाखौं गरीब परिवारको हातमा आम्दानी पुग्ने वातावरण सृजना गर्न सक्छौं।

तराईका लुम्बिनी र जनकपुर, मात्र यी दुई शहरमा हामीले विश्वभरिबाट ठूलो सङ्ख्यामा पर्यटकहरू भित्र्याउने हो भने तराईको गरीबी ठूलो मात्रामा कम पार्न सक्छौं। तराईका युवाहरूलाई तराईमा नै रोजगार उपलब्ध गराउन सक्छौं। रोजगारको लागि उनीहरू खाडीका मुलुकहरूमा जानुपर्ने बाध्यताको अन्त्य गर्न सक्छौं।

पर्यटनको विकासको लागि हामीले अब स्थानीयस्तरमा र जनस्तरमा सोच्न आवश्यक छ। दल र तिनका नेताहरू केवल कुर्सीको दौडमा रहेकाले अब हामीले विकासका काम जनस्तरमा गर्न आवश्यक छ। यदि हामीले विकास एवं निर्माणका काम जनस्तरमा नगर्ने हो र यस कार्यको लागि दल एवं नेताहरूको मुख ताक्ने हो, केन्द्रीय सरकारमाथि निर्भर रहने हो भने हामी आर्थिक विकासको सन्दर्भमा झन्झन् पछाडि पर्दै जानेछौं।

नेपाली युवाहरू रोजगारको लागि विदेश पलायन हुने समस्याले विकराल रूप धारण गर्नेछ। हामी केवल टुलुटुलु हेरेर बस्नेछौं।



**स्यार्पू तालमा डुङ्गा शयर गर्दै पर्यटक:** रूकुमपश्चिम जिल्ला बाँफीकोट गाउँपालिका–३ र ५ को बीचमा रहेको स्यार्पू तालमा डुङ्गामा शयर गर्दै आन्तरिक पर्यटक। तस्बिरः सुरेश आचार्य/रासस

## धान रोपाइँ शुरू, मल अभाव

जनकपुरधाम (धनुषा), १३ असार/रासस

केही दिनदेखि मनसुन भित्रिएसँगै जिल्लाका अधिकांश गाउँमा धान रोपाइँ शुरू भएको छ। जिल्लामा ४२ हजार हेक्टर जमीनमा धानखेती हुँदै आएकामा पछिल्लो समय मलको अभाव रहेको गुनासो आइरहेको छ।



असार लागेसँगै जिल्लाका कतिपय किसानले मलविना नै धान रोपाइँ गरिरहेका छन्। यो समस्या प्रतिवर्ष जस्तै रहेको भन्दै हालसम्म समाधान नभएको किसानहरू बताउँछन्।

सङ्घीय सरकारको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरसँग मल पर्याप्त मात्रामा भएपनि किसानलाई उपलब्ध हुन नसकेको मनोहर यादवले गुनासो गरे। उनका अनुसार असार लागेसँगै कतिपय किसानले मलविना नै रोपाइँ गरिरहेका छन्।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयले चालू आर्थिक वर्षको साउनदेखि असारको पहिलो सातासम्म रु २४ करोड ४१ लाख ७३ हजार ५५० बराबरको ९३ हजार ३३९ मेट्रिकटन मल बिक्री गरेको जनाएको छ।

रु नौ करोड ३३ लाख ७६ हजार १३० बराबरको पाँच हजार ५१३ मेट्रिक टन युरिया, रु १६ करोड ४३ लाख ४५ हजार बराबरको तीन हजार ५७२ मेट्रिकटन डिएपी, रु ५७ लाख ८१ हजार सात सय मूल्य बराबरको १७० मेट्रिकटन पोटास तथा रु छ लाख ७२ हजार मूल्य बराबरको ८४ मेट्रिकटन चुन बिक्री गरिएको कार्यालयका प्रबन्धक बेचनकुमार महतोले जानकारी दिए।

उनका अनुसार वर्षेबालीका लागि कार्यालयसँग युरिया दुई हजार २६२ मेट्रिकटन, डिएपी ११४ मेट्रिकटन तथा पोटास ९७ मेट्रिकटन मौज्दात रहेको छ। "धानखेतीका लागि आवश्यक पर्ने मल पर्याप्त अवस्थामा रहेको छ भने मल आउने क्रम जारी छ," उनले भने।

यस वर्ष समयमा नै किसानलाई मल उपलब्ध गराइने भन्दै मलको समस्या नरहने प्रबन्धक महतोले बताए। "जनकपुर शाखाबाट धनुषा तथा महोत्तरीका २७ पालिका अन्तर्गत रहेका २०९ सहकारी संस्थामार्फत मल जाने गरेको छ। जिल्लाका सम्बन्धित पालिकाको ढिलासुस्तीका कारण किसानलाई मलको अभाव देखिएको हो," उनले भने।

स्थानीय पालिकाले समयमा मलका लागि ढुवानी खर्च, 'लोड' र 'अनलोड' गरी बिक्री गर्ने दररेट कायम नगर्दा विक्रेताले किसानलाई बिक्री गर्न नसकेका हुन्। भारतबाट कम गुणस्तरको मल ल्याउँदा जमीनको उत्पादन क्षमतामा ह्रास आउँदै गएको किसान यादवले बताए। कृषि सामग्री संस्थाबाट मल नपाउँदा सोनमा गाउँपालिकाका किसानले भारतीय बजारबाट बढी मूल्यमा मल ल्याएर रोपाइँ गरिरहेका उनले जानकारी दिए।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयका प्रबन्धक महतोका अनुसार किसानको आवश्यकता अनुसार सहकारीमार्फत मल बिक्री हुँदै आएको छ।

(बाँकी पाँचौं पातामा)

## यो साता कारोबारको अन्तिम दिन पनि नेप्से परिसूचक घट्यो

काठमाडौं, १३ असार/रासस

पूँजी बजारमा पछिल्लो तीन दिनको कारोबारमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक लगातार घटेको छ। गत मङ्गलवार र बुधवार लगातार ओरालो देखिएको नेप्से परिसूचकले बिहीवार पनि निरन्तरता पाएको हो। यो साताको कारोबारको अन्तिम दिन आज नेप्से परिसूचक आठ दशमलव २४ अङ्कले घटेर दुई हजार ५१ दशमलव ९२ को बिन्दुमा कायम भएको हो।

आज ३३३ कम्पनीका ८९ लाख एक हजार १९५ कित्ता शेयर ५० हजार २८१ पटक खरीद–बिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ७१ करोड ५९ लाख तीन हजार ८२४ मा खुम्चिएको छ। आजको कारोबारपछि कुल बजार पूँजीकरण रु ३२ खर्ब ५३ अर्ब ७४ करोड ४७ लाख ७० हजार बराबर कायम भएको छ।

बैंकिङ, म्युचुअल र अन्य समूहको उपसूचक सामान्य बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा धेरै वित्त समूह दुई दशमलव २३ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले घटेका छन्। विकास बैंक शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ५१, जलविद्युत् शून्य दशमलव ४५, लगानी शून्य दशमलव २०, जीवन बीमा शून्य दशमलव ९९, उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त शून्य दशमलव ९५ र निर्जीवन समूह शून्य दशमलव ६६ प्रतिशतले घटेका छन्।

त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै सात दशमलव ०९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु २२ अर्ब ७६ करोड ४१ लाख ८०९ बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको चार लाख दुई हजार ४९९ कित्ता शेयर किनबेच भएका छन्।

# आर्थिक रूपान्तरणका लागि उद्यमशीलता

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम पाएका युवालाई सीप विकास वा आत्मविश्वास बढाउने प्रयोगशाला वा कार्यक्षेत्र उपलब्ध हुनुपर्छ । यो कार्य राज्य वा समुदायको जिम्मेवारी हो । व्यक्ति वा परिवारले आफ्नै प्रयासमा यो अवसर जुटाउन सक्दैनन् ।**

दिगो विकास र आर्थिक क्रियाकलापविना कुनै पनि मुलुकको अर्थतन्त्र उकास्न सम्भव छैन । त्यसैले समाजको आर्थिक विकास र समृद्धिका लागि उद्यमशीलता महत्त्वपूर्ण पक्ष मानिन्छ। हुनत समाज आफैंमा एक बहुआयामिक विषय हो। जसमा आर्थिक, सांस्कृतिक, राजनीतिक भौतिक र नैतिकरूपमा गाँसिएका हुन्छन् । हाम्रोजस्तो विकासोन्मुख मुलुकको आर्थिक विकास र समृद्धिका लागि यो अझ बढी महत्त्वपूर्ण र प्रमुख प्राथमिकताको विषय भएका छन्। नवीनतम व्यवसायको तयारी गर्ने, व्यवसायको स्थापना गर्ने, त्यसको अनुसन्धान गर्ने, सञ्चालनका लागि तीव्र इच्छाशक्ति र सृजनशीलताको क्षमता हुनु नै उद्यमशीलता हो । उद्यमशीलता उत्पादनको साधन पनि हो। उद्यमशीलता संस्कृतिको विकासले नागरिकलाई पेशा व्यवसायप्रति आकर्षित गराइ जोखिम वहन गर्न र सिर्जनशील कार्यलाई आर्थिक क्रियाकलापसँग आबद्ध गर्न मदत गर्छ। त्यसैले मुलुकको विकास र समृद्धिका लागि स्थानीयस्तरदेखि नै उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगार सिर्जना गरी अर्थतन्त्रलाई गतिशीलता दिन उद्यमशीलताको विकास गर्नु आजको आवश्यकता हो।

जनसङ्ख्याको हिसाबले नेपालमा झन्डै एक तिहाइ युवा रहेको छ । रोजगारका पर्याप्त अवसर सिर्जना गर्न नसकेका कारण मुलुकमा युवा बेरोजगारीको सङ्ख्या बढ्दै गएको छ। नेपालमा हरेक वर्ष करीब पाँच लाख युवा जनशक्ति श्रम बजारमा आउने गरेको तथ्याङ्क छ। तीमध्ये करीब १० प्रतिशतले मात्र औपचारिक क्षेत्रमा रोजगारका अवसर पाउँछन्। रोजगारमा लागेकामध्ये पनि श्रमको गुणात्मक पक्ष थप चुनौतीपूर्ण छ । यो आँकडालाई मध्यनजर गर्ने हो भने हरेक वर्ष करीब साढे चार लाख युवा बेरोजगारको सङ्ख्या बढ्दै गएको देखिन्छ । यो सङ्ख्यालाई उद्यमशीलतामा नलाने हो भने सरकारले लिएको 'सुखी नेपाली, समृद्धि नेपाल'को नारा केवल कागजमा मात्र सीमित रहन्छ। विश्वव्यापीरूपमा महामारीको रूपमा देखिएको कोरोना भाइरस सङ्क्रमणका कारण विदेशमा रोजगारका लागि गएका युवादेखि शहर बजारमा पढेर बढेका कैयौं युवा जन्मथलो फर्केका छन् । कोरोना सङ्क्रमण रोकथाम तथा नियन्त्रणाका लागि सरकारले लागू गरेको बन्दाबन्दीको अवधिमा आफ्नो जमीनसँग एकाकार हुने मौका पाएका छन् । त्यस्ता केही युवालाई कृषि, पशुपालन, वन पैदावर, साना तथा मझौला उद्यमशीलता विकास गर्न प्रोत्साहन गरिनु अपरिहार्य भएको छ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान घट्ने र सेवा क्षेत्रको योगदान बढ्ने प्रवृत्ति देखिएको छ, जसलाई सरकारले बुझेर त्यही अनुसारको योजना अगाडि सार्न सक्नुपर्छ। व्यापारघाटा र आर्थिक मन्दीले मुलुकको अर्थतन्त्र नै चौपट हुनबाट रोक्न सरकारले पहलकदमी लिनुपर्छ। वैदेशिक व्यापारको क्रममा विश्वका करीब ११५ भन्दा बढी मुलुकसँग नेपालले वस्तु आयात तथा निर्यात गर्दै आएको छ । यस प्रकारको आँकडा भएपनि झन्डै ६८ मुलुकमा मात्र नेपाली वस्तु निर्यात हुँदै आएका छन् । बजारलाई नजीकबाट नियाल्ने हो भने यसको अवस्था दिन प्रतिदिन गिर्दो छ। बजार अनुगमन र मूल्य समायोजन हुन नसक्दा उपभोक्ता पीडित छन् । नयाँ प्रविधि नयाँ तौरतरीकाको अभावले जति लागतमा जति उत्पादन हुनुपर्ने हो, त्योभन्दा कैयौं गुणा बढी लागत लगाउनुपर्ने भएकाले उत्पादनमा लागत बढ्दै छ । मूल्यको तुलनाले पनि विदेशी उत्पादनसित नेपालमा उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न मुश्किल पर्छ र निर्यातमा कमी आउँछ। विदेशी बजारको मागलाई पहिचान गरी सोहीबमोजिम उत्पादन गर्न र बजार विस्तार गर्न सकेको देखिंदैन। त्यसैगरी, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि पनि आवश्यक हुन्छ। यसका निम्ति राज्य पक्ष र नेपाली उद्यमी दुवैले जाँगर देखाउनुपर्छ। उत्पादित वस्तु र सेवाको व्यापार दिगो र दीर्घकालीन हुनुपर्छ । तबमात्र निर्यात हुने वस्तुले उचित बजार पाउँछ अनि प्रतिस्पर्धात्मक हुन पनि सघाउँछ।

नेपालले आफनो दिगो विकास र उन्नत आर्थिक समृद्धिका लागि आयातभन्दा निर्यात बढी बनाउनुपर्ने अहिलेको प्रमुख आवश्यकता हो, यसका लागि उद्योग कलकारखानामा लगानी बढाउनुपर्छ। निर्यातको कुरा गर्दा वैदेशिक बजारमा नेपालको तयारी वस्तु र गलैंचा तथा तयारी पोशाकको ठूलो माग रहेको छ । यसका अलावा छालाबाट बनेका सामग्री जस्तै : जुत्ता, झोला, पन्जा आदि तथा जुट र हस्तकलाका सामग्री, चिया, घ्यू, अनि नेपाली कागजको पनि उत्तिकै सम्भावना रहेको अर्थ क्षेत्रका जानकारहरूले बताउँदै आएका छन् । यसर्थ यस्ता वस्तु उत्पादन र निकासीमा नेपालले उत्पादकलाई सही सहुलियतमा ऋण उपलब्ध गराउने, उत्पादन गर्न प्रोत्साहन गर्ने जस्ता काम गर्न सके वैदेशिक व्यापार उँभो लाग्न सक्छ । अहिले नेपालबाट निर्यात हुने सामानको गुणस्तरका सम्बन्धमा बेलाबखत प्रश्न उठ्ने गरेको छ। विश्व बजारमा ठूलो प्रतिस्पर्धा छ। यो कसैबाट लुकेको विषय होइन। यस विषयमा व्यवसायी र उद्यमी सबै जानकार छन्। वास्तवमा वस्तुको गुणस्तर महत्त्वपूर्ण कुरा हो । यसका लागि उत्पादनको परिमाणभन्दा गुणस्तर सुधारमा विचार पुर्याउन सक्नुपर्छ । बरु थोरै उत्पादन होस् तर राम्रो गुणस्तरको होस् भन्ने कुरामा विचार पुर्याइएन भने बजारमा खपत हुन गाह्रो हुन्छ। नेपालले उत्पादन गर्ने वस्तुहरूको प्राय: सबै कच्चा पदार्थ विदेशबाट आयात हुने गर्छ। त्यसैले आगामी दिनमा नेपालले पनि आफ्ना प्राकृतिक स्रोतको उत्खननलगायत उत्पादनका लागि आवश्यक कच्चा पदार्थको उत्पादन गर्न सक्नुपर्छ, जसले वस्तुको उत्पादन लागत घटाउन मदत पुर्याउँछ। यद्यपि नेपालले यो क्षेत्रमा दीर्घकालीन उत्पादन योजना मुताबिक काम गरेको पाइँदैन । तत्काललाई भन्दा भविष्यलाई विचार गरेर कलकारखाना उद्योगधन्दा खोलिनुपर्छ, जुन वस्तुको उत्पादन हुन्छ, त्यसको दिगो वातावरण निर्माण गर्नुपर्छ।

उत्पादित वस्तु निर्यातमा वृद्धि गर्न गुणस्तरयुक्त सामान उत्पादन हुनु आवश्यक छ । यसका निम्ति दक्ष जनशक्ति, मेशीन तथा औजार र आवश्यक लगानी चाहिन्छ । आवश्यक परे यस्ता विषयमा विदेशबाट सहयोग लिन सक्नुपर्छ। यसका निम्ति सरकारले पनि खर्च बढाउँदै लैजानुपर्छ। यस क्षेत्रमा छुटयाएको रकम समयभित्र नै खर्च गर्नुपर्छ। विगतका सरकारले जुन क्षेत्रका लागि रकम छुट्याएको हो, त्यस क्षेत्रमा खर्च नभएर फ्रिज हुने गरेको परिपाटीलाई अब अन्त्य गर्नुपर्छ। नेपाली वस्तु उत्पादन गरी त्यसलाई निर्यातयोग्य बनाउने काममा राज्यले लगानी गर्नुपर्छ। नेपालमा उत्पादन भएका ऊनी गलैंचाको ७५ प्रतिशत जर्मनीमा खपत हुन्छ भने सम्पूर्ण तयारी पोशाकको ८० प्रतिशत खपत अमेरिकाले मात्रै गरिरहेको वर्तमान परिवेशलाई बुझेर बाँकी मुलुकमा पनि व्यापार बढाउन पहलकदमी गर्नु आजको माग हो।

वास्तवमा कुनै पनि मुलुकको आर्थिक विकासमा औद्योगिकीकरणको महत्त्वपूर्ण योगदान हुन्छ। औद्योगिकीकरणका लागि न्यूनतम पूर्वाधार तथा भौतिक सुविधाको सुनिश्चितता भएको विशेष स्थानलाई औद्योगिक क्षेत्र भनिन्छ । नेपालको औद्योगिक क्षेत्र सुधार हुन नसक्नुका पछि धेरै कारण छन् । सही र दीर्घकालीन सोच भएको नीति बनाउन नसक्नु पनि एउटा महत्त्वपूर्ण कारण हो । भूपरिवेष्टित मुलुकलाई पारवहन समस्या पनि पर्न सक्छ । यसका लागि भएका सम्झौताको उपभोग हामीले गर्न सक्नुपर्छ। विशेषगरी अन्तर्राष्ट्रिय बजार हेरी हामीले गुणस्तरीय वस्तु उत्पादन गर्न सक्नुपर्छ। अनिमात्र हामीले व्यापार सन्तुलनमा कायम राख्न सक्छौं। यसका लागि ऐन, कानून, नीतिनियम अभाव छन् भने तुरुन्तै ल्याउनुपर्छ । औद्योगिक क्षेत्रका लागि पक्की सडकको पहुँच र उद्योगहरूको जडित क्षमतालाई धान्ने गरी छुट्टै प्रसारण लाइनमार्फत अविच्छिन्न विद्युत् आपूर्तिको व्यवस्था गर्नुपर्छ । उद्योग स्थापनाका लागि पर्याप्त जमीन, ढल निकास र २४सैं घण्टा शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्छ । कुनै पनि उद्योग सञ्चालनका लागि अनिवार्य आवश्यकताको रूपमा रहेको विद्युतीय व्यवस्थादेखि अन्य पूर्वाधारमा ध्यान दिनु त्यतिकै आवश्यक छ। केही वर्ष पहिले विद्युत् अभावमा उद्योगहरू बन्द हुने अवस्थामा थिए तर अहिले त्यो अवस्था छैन । विगतझैं अहिले लोडसेडिङको अवस्था छैन । उद्योग तथा कलकारखानाका लागि यो खुशीको कुरा हो। उद्यमीहरूलाई विद्युत् सहजै आपूर्ति गर्न सरकारले चाँजो मिलाउनुपर्छ । उद्योगीलाई लगानीको उचित वातावरण सुनिश्चितता हुन सके लगानी गर्न इच्छुक हुन्छन्। यस्ता खालका समस्या समाधान गर्नेतर्फ नेपाल सरकारले जागरूकता देखाउन सक्नुपर्छ।

त्यस्तै, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम पाएका युवालाई सीप विकास वा आत्मविश्वास बढाउने प्रयोगशाला वा कार्यक्षेत्र उपलब्ध हुनुपर्छ। यो कार्य राज्य वा समुदायको जिम्मेवारी हो। व्यक्ति वा परिवारले आफ्नै प्रयासमा यो अवसर जुटाउन सक्दैनन् । यस प्रकारको सीप विकास परम्परागत व्यवसायदेखि आधुनिक व्यवसायका क्षेत्र जस्तै- कृषि तथा वन पैदावार, खाद्य प्रशोधन, हस्तकला तथा साना तथा मझौला उद्योग कलकारखाना, यान्त्रिक तथा अन्य प्रविधिको विकास र विस्तार जस्ता क्षेत्रमा विकास गरिनुपर्छ। विश्व बजारमा गरिएका अध्ययन अनुसार राम्रो सीप विकासको अवसर पाएका व्यक्तिले श्रम बजारमा करीब ६५ प्रतिशत बढी प्रतिफल हासिल गर्न सक्नेछ। त्यस्ता युवा विदेशमैं गएछ भने पनि उसले बढी मर्यादित, सुरक्षित काम गर्न र राम्रो आम्दानी गर्न सक्नेछ।

वास्तवमा मुलुकको आर्थिक विकासमा उद्यमशीलताको अद्वितीय भूमिका हुन्छ। देशको आर्थिक विकासको मूल आधार नै उद्यमशीलता हो । अर्थतन्त्रको विकासका लागि उद्यमीको भूमिका महत्त्वपूर्ण हुन्छ। पूँजी निर्माण, रोजगार वृद्धि, उत्पादकत्व वृद्धि, निर्यात प्रवर्द्धन, औद्योगिकीकरण, सन्तुलित तथा न्यायपूर्ण विकासका लागि उपलब्ध प्राकृतिक तथा मानवीय संसाधनको सदुपयोग र गुणस्तरीय जीवनयापनका लागि राष्ट्रको कुल गार्हस्थ्य उत्पादनमा वृद्धि गर्न उद्यमीले प्रभावकारी भूमिका निर्वाह गरिरहेको हुन्छ। त्यसैले नेपालको आर्थिक विकासको आधार उद्यमशीलता हो । वर्तमान समयमा युवाशक्तिलाई उद्यमशीलतामा परिणत गर्न सके देशको आर्थिक समृद्धि यही पुस्तामा सम्भव छ।



**बयल गाडाः** सर्लाहीको हरिपुर्वा नगरपालिकामा बयल गाडा लिएर गन्तव्यतर्फ जाँदै सर्वसाधारण नागरिक। ग्रामीण बस्तीमा कुनै बेला कृषि उपज ओसारपोसारमा र आवतजावतमा महत्त्वपूर्ण मानिने बयल गाडाको प्रचलन अहिले सवारीसाधनका कारण हराउँदै गएको छ। तस्बिरः विश्वनाथ ठाकुर/रासस

# पथलैया-हेटौंडा सडक एक साताभित्र तयार हुँदै

वीरगंज (पर्सा), १३ असार/रासस

पथलैया-हटौंडा सडकखण्ड अन्तर्गत आधाभार क्षेत्रमा निर्माणाधीन दुई किलोमिटर दूरीको सडक एक साताभित्र तयार हुने भएको छ। सडक डिभिजन कार्यालय हेटौंडाले उच्च भारवहन क्षमताको उक्त सडक एक साताभित्रै कालोपत्र सम्पन्न हुने जनाएको हो।

कार्यालयका सूचना अधिकारी रमेश पाण्डेले पथलैया-हेटौंडा सडकखण्डमा वीरगंज भन्सार कार्यालय हुँदै आउने अत्यधिक भारका मालवाहक सवारीसाधनले सडक धसिने समस्याको अन्त्य गर्न पहिलो चरणमा दुई किमी खण्डमा नमूना सडकका रूपमा स्तरोन्नति गर्न लागेको बताए।

"यो खण्डमा अत्यधिक भारका सवारी सञ्चालन हुने भएकाले सडक धसिने समस्या देखिंदै आइरहेको छ। पहिलो चरणमा पथलैया-हेटौंडा खण्डको आधाभार क्षेत्रमा नमूना सडक स्तरोन्नति अगाडि बढाएका थियौं," सूचना अधिकारी पाण्डले भने, "अहिलेसम्म दुई लेनको एक हजार दुई सय मिटर सडक तयार भइसकेको छ। बाँकी आठ सय मिटर पहिलो चरणमा कालोपत्र (डिबिएम) भइसकेको छ। दोस्रो चरणको अल्फास्ट कालोपत्र गर्ने काम दुई/तीन दिनभित्रै सम्पन्न गर्ने लक्ष्य राखेका छौं।" उनले वर्षा शुरू भएर पानी पर्न थालेकाले पनि केही दिन काम प्रभावित भइरहेको बताए।

यो खण्डको सडकको भौतिक प्रगति ८० प्रतिशत भइसकेको छ। गत माघ २२ गते सडक डिभिजन हेटौंडा र चौधरी निर्माण सेवाबीच ठेक्का सम्झौता भएको थियो। यो आयोजनाको लागत रु चार करोड १२ लाख १७ हजार ३४८ रहेको छ । ठेक्का सम्झौता अनुसार गत जेठ ३० गतेभित्रै निर्माण सम्पन्न हुनुपर्नेमा निर्माण व्यवसायीको ढिलासुस्तीका कारण केही समय ढिला भएको सूचना अधिकारी पाण्डेले बताए । उनले यो प्रविधिको कालोपत्र गर्दा सडक लामो समयसम्म दिगो र टिकाउ हुने दाबी गरे।

"हामीले परीक्षणको क्रममा भिएस ४० ग्रेडको बिटुमिन प्रयोग गरेर सडक कालोपत्र गर्दैछौं। यो सडक कालोपत्र राम्रो भएको खण्डमा अन्य ठाउँमा पनि विस्तार गर्ने योजना छ," सूचना अधिकारी पाण्डेले भने, "यो खण्डको सडक पहिलो चरणमा डिबिएम कालोपत्र र दोस्रो चरणमा अस्फास्ट कालोपत्र गरिनेछ। यो प्रविधिले सडक भासिने समस्याको पनि अन्त्य गर्ने विश्वास गरेका छौं।"

**मुग्लिन-पोखरा सडक विस्तारः ५३ किलोमिटर कालोपत्र पूरा**

मुग्लिन-पोखरा सडक अन्तर्गत ५३ किलोमिटर खण्ड कालोपत्र भएको छ। ८० किलोमिटर लामो उक्त सडकको पूर्वी ३३ र पश्चिमी खण्डमा २० किलोमिटर कालोपत्र गरिएको हो।

मुग्लिन-पोखरा सडक विस्तार आयोजना कार्यालयका अनुसार बाँकी भागमा धमाधम काम भइरहेको छ। हालसम्म पूर्वी खण्डमा ६२ र पश्चिमीमा २८ प्रतिशत भौतिक प्रगति भएको छ।

असारदेखि असोजसम्म 'मनसुन' सक्रिय हुने भएकाले हाललाई कालोपत्र गर्न छाडेर पानी निकासका निम्ति नाला, 'रिटेनिङ वाल, कल्भर्ट'लगायत संरचना निर्माण द्रुत गतिमा भइरहेको आयोजना कार्यालय, पश्चिमका इन्जिनीयर नारायण पौडेलले बताए।

पूर्वी खण्डमा निर्माणधीन ठूला तीन पुलमध्ये डुम्रे बजारनजीकको पुल बनिसकेको छ भने आँबुखैरेनी र दमौलीनजीकको अन्तिम चरणमा पुगेको छ । तनहुँको मादी नदीमा 'आर्क डिजाइन'को पुल निर्माणाधीन छ । हालसम्म उक्त पुलको ३० प्रतिशत काम पूरा भएको इन्जिनीयर पाण्डेले बताए।

एशियाली विकास बैंक (एडिबी)को सहुलियतपूर्ण ऋण सहयोगमा पोखरादेखि मुग्लिनसम्मको दुई लेनको सडकलाई विस्तार गरी फराकिलो र स्तरीय बनाउन मुग्लिन-पोखरा सडक योजनामार्फत काम जारी छ। सडक विस्तारको कार्य शीघ्र सम्पन्न गर्ने उद्देश्यले दुई भागमा विभाजन गरेर काम थालिएको हो। चार लेनमा विस्तार गर्ने उक्त सडकको काम चिनियाँ कम्पनीले गरिरहेको छ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्तकुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. प्रियंका चौधरी, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२


माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल** मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# ‘वास्तविक छाला’ जस्तै देखिने रोबोटको निर्माण

टोकियो, १३ असार/एएफपी

जापानी वैज्ञानिकले मानव कोषहरूको प्रयोग गरेर जीवित छालाजस्तै देखिने आवरणसहितको रोबोटको विकास गरेका छन्।




सेल रिपोर्ट्स फिजिकल साइन्स जर्नलमा प्रकाशित विवरणमा जापानी वैज्ञानिकले जीवित छालाको जस्तो आवरणसहितको रोबोट बनाउन छाला बनाउने कोषले भरिएको जेल प्रयोग गरेका थिए।

बायोहाइब्रिड रोबोट विशेषज्ञले यो प्रविधिले एक दिन एन्ड्रोइडको आविष्कारमा मानवजस्तो उपस्थिति र क्षमताको साथ भूमिका खेल्ने आशा गरेका छन्।

“हामीलाई आशा छ, जीवित प्रणाली र संयन्त्रहरूको वैज्ञानिक अध्ययन (फिजियोलोजी)ले मुजाको बनावट र अनुहारको हाउभाउबारे जानकारी दिन मदत गर्नेछ,” प्राध्यापक शोजी टेकुची नेतृत्वको टोलीले भनेको छ।

प्रायः सिलिकन रबरबाट बनेको वास्तविकजस्तो देखिने छालाले ढाकेको नयाँ सामग्रीले परम्परागत ‘ह्युमनोइड रोबोट’भन्दा एक कदम अगाडिको विकासको सङ्केत दिन सक्छ तर यसले पसिना वा आफैंलाई निको पार्न सक्दैन।

वैज्ञानिकहरूको लक्ष्य ‘जैविक छालामा निहित आत्मउपचार क्षमतासहितको रोबोटको निर्माण गर्नु हो’ तर उनीहरू अझै त्यहाँ पुगिसकेका छैनन्।

यस अघिका अध्ययनहरूमा उनीहरूले प्रयोगशालामा हुर्केको छालाको कटमा कोलेजनलाई रोबोटिक औंलाले ढाकेर यसलाई कसरी मर्मत गर्न सकिन्छ भनेर अध्ययन गरी यसको नतीजा बाहिर ल्याएका थिए।

तरल पदार्थको रूपमा सर्ने ‘प्राकृतिक मुस्कान’ को रूपमा वर्णन गर्न, उनीहरूले छाला जस्तो कोषलाई पानी र तातोको उपस्थितिमा स्टार्च अणुहरूको अन्तरआणविक बन्धनहरू तोड्ने प्रक्रिया अर्थात् वास्तविक मानव छालाको लिगामेन्टबाट प्रेरित एक विधि (जिलेटिनाइज्ड) गरी रोबोटको प्वालभित्र राखेका छन्। रासस

# चिनियाँ उद्योगलाई पाकिस्तानमा स्थानान्तरणको स्वीकृति

पाकिस्तान, १३ असार/सिन्ह्वा

पाकिस्तानी प्रधानमन्त्री शहबाज शरीफले चिनियाँ उद्योगलाई पाकिस्तानमा हस्तान्तरण गर्ने सम्बन्धमा चिनियाँ र पाकिस्तानी कम्पनीबीचको संयुक्त उद्यम परियोजनालाई स्वीकृति प्रदान गरेको छ।

लगानी मामिला बोर्डको महत्त्वपूर्ण बैठकको अध्यक्षता गर्दै शरीफले आन्तरिक तथा विदेशी लगानी प्रवर्द्धन सरकारको सर्वोच्च प्राथमिकता रहेको बताए।

सरकारले व्यापारी तथा लगानीकर्तालाई व्यापार अनुकूल वातावरण प्रदान गर्न सबै सम्भव उपाय गरिरहेको उनको भनाइ छ।

शरीफले विशेष आर्थिक क्षेत्र (सेज)मा संयुक्त उद्यम परियोजना स्थापना गर्न इच्छुक चिनियाँ र अन्य लगानीकतालाई सुविधा प्रदान गर्न विशेष आर्थिक क्षेत्रमा एक–स्टप–शपका लागि मस्यौदा कानूनको समीक्षा गर्न पनि निर्देशन दिएका छन्।

चिनियाँ उद्योगहरू जस्तै कपडा, छाला, जुत्ता र अन्यलाई पाकिस्तानमा स्थानान्तरण गर्ने महत्त्वपूर्ण सम्भावना रहेकोबारे प्रधानमन्त्री शरीफले पहलको महत्त्वमाथि प्रकाश पारे।

बैठकमा लगानी बोर्डका सचिवले चिनियाँ उद्योगलाई पाकिस्तानमा स्थानान्तरण गर्ने सम्बन्धमा चालिएको कदमबारे विस्तृत जानकारी दिएका थिए। रासस

# ऋणदाताद्वारा चीनलगायतका मुलुकसँग सम्झौताको विवरण माग

कोलम्बो, १३ असार/एएफपी

श्रीलङ्काको करीब छ अर्ब अमेरिकी डलर बराबरको ऋणको पुनर्संरचना गर्न सहमत भएका द्विपक्षीय ऋणदाताले चीनलगायत अन्य ऋणदातासँग ‘व्यवहारको तुलनात्मकता’को माग गरेका छन्।

जापान, फ्रान्स र भारतको नेतृत्वमा रहेको आधिकारिक ऋणदाता समिति (ओसिसी)ले कोलम्बोको अन्य ऋण सम्झौताको विवरण माग गरेको बिहीवार एएफपीलाई प्राप्त विज्ञप्तिमा उल्लेख छ।

समूहले बुधवार पेरिसमा पाँच अर्ब ८० करोड अमेरिकी डलर बराबरको ऋण पुनर्संरचना गर्ने सहमति गरेको हो।

तर सोही दिन कोलम्बोले चीनको एक्जिम बैंकसँग ४.२ अर्ब अमेरिकी डलरमा अर्को सम्झौता गरेको थियो।

संयुक्त राज्य अमेरिका, क्यानडा र धेरै युरोपेली राष्ट्र सम्मिलित ओसिसीले कोलम्बोलाई ‘समस्याको तुलनात्मकता सुनिश्चित गर्न ओसिसीका लागि आवश्यक सबै जानकारी’ प्रदान गर्न आग्रह गरेको बताएको छ।

कोलम्बोले ओसिसीले प्रस्ताव गरेजस्तै ‘कम्तीमा पनि अनुकूल शर्तहरूमा’ निजी ऋणदाताहरूसँग सम्झौता गर्ने अपेक्षा पनि गरेको थियो।

सन् २०२२ को अप्रिलमा विदेशी मुद्राको अभाव भएपछि श्रीलङ्काले आफ्नो विदेशी ऋण तिर्न सकेको थिएन र अकल्पनीय आर्थिक सङ्कटले तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षेलाई राजीनामा दिन बाध्य बनाएको थियो।

श्रीलङ्काले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को २.९ अर्ब अमेरिकी डलरको बेलआउट कार्यक्रम अनुसार ऋण पुनर्संरचनालाई द्रुत गतिमा सम्पन्न गर्ने अपेक्षा गरेको थियो, तर चीनसँग सम्झौता गर्न ढिलाइ हुँदा यो प्रक्रिया रोकिएको थियो।

बेइजिङ श्रीलङ्काको अहिलेसम्मकै सबैभन्दा ठूलो एकल ऋणदाता हो, तर चिनियाँ अनुदान सहुलियत द्विपक्षीय ऋण र निजी व्यावसायिक ऋणमा विभाजित छ।

चिनियाँ द्विपक्षीय ऋणको ४.२ अर्ब अमेरिकी डलर बुधवार ऋण पुनर्संरचना अन्तर्गत व्यवहार गरिएको थियो तर निजी व्यावसायिक ऋण मानिएको चाइना डेभलपमेन्ट बैंकबाट २.१८ अर्ब डलर ऋणको बारेमा कुनै जानकारी दिइएको छैन।

यस प्रक्रियामा संलग्न स्रोतका अनुसार चिनियाँ विकास बैंकको ऋणलाई १२.५५ अर्ब डलरको अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रसरह व्यवहार गरिने सम्भावना छ।

मार्चको अन्त्यसम्मको सरकारी कोषको तथ्याङ्क अनुसार श्रीलङ्काको कुल वैदेशिक ऋण ३७ अर्ब अमेरिकी डलर अनुमान गरिएको छ।

कुल १० अर्ब ५८ करोड अमेरिकी डलरमध्ये चीनले चार अर्ब ६६ करोड डलर, जापानले दुई अर्ब ३५ करोड डलर र भारतले एक अर्ब ३६ करोड डलर ऋण कोलम्बोलाई दिएका छन्। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा महाश्रम शर्मा परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा बिहीवार आयोजित पत्रकार सम्मेलनमा एसइईको नतीजा सार्वजनिक गर्दै। माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतीजामा ४७.८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। तस्बिर: रमेश गिरी/रासस

# मधेस प्रदेश पर्यटकीय सम्भावनाको उर्वरभूमि

महोत्तरी, १३ असार/रासस

मधेस प्रदेश पर्यटकीय सम्भावनाको उर्वरभूमि रहेको मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बताएका छन्। बिहीवार होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशले मिथिला नगरपालिकाको लालगढमा आयोजना गरेको एक कार्यक्रममा उनले मधेस चुरे पर्वत श्रेणीबाट भारतीय सीमासम्म फैलिएको भौगोलिक विविधतायुक्त प्रदेश रहेको बताए।

“हामीले पर्यटन प्रवर्द्धन गर्न प्रदेशका आठ जिल्लालाई चार समूहमा राखेर काम गर्ने निर्णय गरेका छौं,” मुख्यमन्त्री सिंहले भने, “सम्भावित नयाँ ठाउँको पहिचान र यसअघि नै विशिष्ट महत्त्व बोकेका स्थलको संरक्षण र प्रवर्द्धन गरिनेछन्।”

मुख्यमन्त्री सिंहले मधेसका वन, भूगोल, धार्मिकस्थल, कृषि र स्वास्थ्य पर्यटनका मुख्य क्षेत्र बन्न सक्ने उल्लेख गरे। “आँखा र सर्पदंशको उपचार लिन भारतको बिहारबाट मान्छे आउँछन्, हामीले यसलाई स्वास्थ्य पर्यटनसँग जोड्न सक्नुपर्छ,” उनले भने। चुरे शृङ्खलाका चनौटे, बेसारेसहितका उच्च डाँडालगायतका स्थान पर्यटकीय सम्भावना बोकेको ठाउँ भएको उनको भनाइ छ।




जनकपुरधाम, राजविराज र सिमरासहित तीन विमानस्थललाई मुलुकका विभिन्न ठाउँसँग हवाई मार्गमा जोडेर व्यापार, व्यवसाय र पर्यटन प्रवर्द्धन गर्न सकिने उनको भनाइ छ। “पर्वतीय क्षेत्र अवलोकन गर्न चाहने पर्यटकलाई हाम्रा विमानस्थलबाट १० मिनटमैं अवलोकन गराउन सक्छौं,” सिंहले भने, “हामीले यसका लागि आवश्यक पूर्वाधार विकास गर्नुपर्छ।”

विकासका सन्दर्भमा जनतामा पलाएको आशा मर्न नदिने उनले प्रतिबद्धता जनाए। कार्यक्रममा आयोजकका तर्फबाट मुख्यमन्त्री सिंहलाई नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशका अध्यक्ष हीरालाल गौतमले अभिनन्दनपत्र प्रदान गरे।

कार्यक्रममा मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृति राज्यमन्त्री शारदा थापा, मिथिला नगरपालिकाका उपप्रमुख सुनीतासिंह बुढाथोकीलगायतको सहभागिता थियो।

# बजेटमा राखिएका सुझाव सम्बोधन भएनन्

काठमाडौं, १३ असार/रासस

राष्ट्रियसभाका सदस्यहरूले बजेटपछिको विनियोजन विधेयकमाथि भएको छलफलमा दुवै सदनका सांसदले दिएको सुझावलाई समावेश नगरिएको भन्दै आपत्ति जनाएका छन्।

बिहीवार बसेको राष्ट्रियसभाको दोस्रो बैठकमा अर्थमन्त्री वर्षमान पुनद्वारा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त ‘विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस्’ भन्ने प्रस्तावको छलफलको क्रममा उनीहरूले गुनासो गरेका हुन्।

राष्ट्रियसभा सदस्य देवेन्द्र दाहालले नेपाल सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरेको र प्रतिनिधिसभाबाट सन्देशसहित आएको विनियोजन विधेयकमा अर्थ मन्त्रालयले सीधैं रकम रकमान्तरण गर्ने प्रावधान रहेकोले यसलाई मन्त्रिपरिषद्ले रकमान्तरण गर्नुपर्ने सुझाव दिए।

सांसद उर्मिला अर्यालले विनियोजन विधेयकमा बजेट कार्यन्वयनका लागि सहजीकरण गर्न विधेयध आएको उल्लेख गर्दै खर्च व्यवस्थित गर्न आएको विधेयक आवश्यक र सान्दर्भिक रहेको बताइन्। राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले बजेटको विषयमा दुवै सदनमा छलफल गर्ने र पास हुने भएकाले सांसदले जनताको भावना बुझेर विचार राखे पनि त्यो छलफलमा नसमेटिएको बताइन्। “संसद्प्रति जनताको विश्वास बढेको छैन, यो प्रक्रिया बदल्नुपर्छ, सांसदको सुझाव समेट्नुपर्छ,” उनले भनिन्, “कति सांसदले बजेट अघि प्रस्ताव गरेका योजना पर्छ उहाँहरू खुशी हुनुहुन्छ तर कतिपय सांसदले प्रस्ताव गरेका योजना पास हुँदैन निराश हुनुहुन्छ, प्राथमिकताको आधारमा बजेट विनियोजन हुनुपर्छ।”

राष्ट्रियसभा सदस्य मायाप्रसाद शर्माले आयोजना कार्यान्वयनका लागि स्रोत परिचालनको आधार रहेको भन्दै कार्यान्वयन गर्ने पक्षमा विशेष ध्यान दिन आवश्यक रहेको बताइन्।

राष्ट्रियसभा सदस्य श्रीकृष्णप्रसाद अधिकारीले अर्थतन्त्रका सम्भावना र चुनौतीका बीच आएको विनियोजन विधेयकको समर्थन गरेका छन्।

राष्ट्रियसभा सदस्य गोपाल भट्टराईले छलफलमा उठेका विषयमा संशोधन

(बाँकी अन्तिम पातामा)

### ब्रह्मपुरीमा ...

विद्यालय परिसरमा सञ्चालन भइरहेको छ। जसमा योग समिति बारामा आबद्ध पदाधिकारी, विद्यालयका शिक्षक, विद्यार्थी एवं स्थानीय अभिभावकहरू सहभागी छन्।

विश्व योग दिवसको अवसर पारी आयोजना गरिएको सो शिविरले स्थानीयहरूको योगप्रति आकर्षण बढाउन कार्यक्रम आयोजना गरिएको बताइएको छ।

साथै आजको युगमा तनाव र अस्वस्थता बढिरहेको हुँदा योगले स्वस्थ जीवनशैली अपनाउन मदत पुग्ने भएकोले गाउँकै स्कूलमा योग शिविर आयोजना गरिएको हो।

विद्यालयका प्रबन्ध निर्देशक राउतको अध्यक्षतामा भइरहेको कार्यक्रममा मुख्य अतिथि रीता कार्की भन्ने साध्वीदेव कृपा, पतञ्जलि योग समिति मधेस प्रदेश समिति सदस्य अरूणराय चौधरी, बारा, पर्साका पदाधिकारी सुरेश साह कानू, ओमप्रकाश , शीला साह, मिथिला साह, सन्तु साह, रामाज्ञा शर्मा, शिवशङ्कर केसरी, मनोज कुशवाहा, माया चौधरीलगायतको सहभागिता थियो।

### धान रोपाइँ ...

सहजरूपमा मल पाउन गाह्रो रहेको महेन्द्रनगरका किसान रामकुमार महतोले बताए। स्थानीय तहले मल वितरण प्रणालीमा पारदर्शिता लागू नगर्दा किसानलाई समयमा मल पाउन सकस भएको उनको बुझाइ छ।

प्रदेश सरकारमार्फत पालिकाले पाएको कोटा अनुसारको मल समयमा नउठाउँदा रोपाइँको समयमा अधिकांश किसानले मल पाउन सकेका छैनन्। कार्यालयले किसानलाई सहुलियत दरमा युरिया प्रतिबोरा रु ८५०, डिएपी ५० किलोको प्रतिबोरा रु दुई हजार ३५०, पोटास प्रतिबोरा रु एक हजार ७५० मा बिक्री गर्दै आएको छ।

स्थानीय विक्रेताले जथाभावीरूपमा बिक्री वितरण गर्दा किसानले बाध्य भएर भारतीय बजारबाट खीरद गर्नुपरेको गुनासो गरेका छन्।

## आजको राशिफल

| | |
|---|---|
| मेष – बेचैनी | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – राज्यभय |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – कडाश्रम | वृश्चिक – कार्यनाश |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनखति | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



सामुदायिक सेवा केन्द्र श्रीपुर मुर्लीले बिहीवार वीरगंज-११ त्रिमूर्तिटोलमा महिला हिंसा तथा घरेलु हिंसा अपराध अनुसन्धान तथा नियन्त्रणसम्बन्धी जनचेतनामूलक पर्चापम्प्लेट वितरण गर्दै । कार्यक्रम केन्द्रका सचिव कुलनारायण प्रधानको अध्यक्षतामा भएको थियो । तस्वीरः प्रतीक

# शुक्रवार र शनिवार देशभरका विषादी पसल बन्द हुने

प्रस, वीरगंज, १३ असार/

विषादी व्यवसायी सङ्घले भोलि असार १४ गतेदेखि दुई दिन देशभरका पसल बन्द गरी आन्दोलन गर्ने घोषणा गरेको छ ।

सरकारले जेठ १५ गते ल्याएको बजेटमा आगामी वर्षदेखि विषादीहरूमा मूल्य अभिवृद्धि कर (भ्याट) लागू गरेको थियो । यसविरुद्ध सङ्घले प्रधानमन्त्री, अर्थमन्त्री, कृषिमन्त्रीलगायतलाई भेटेर कृषिबालीमा प्रयोग हुने विषादीलगायत कृषि वस्तुमा लागेको मूअकर हटाउन माग गरेको थियो । सरोकारवाला मन्त्रीहरूले सङ्घको अनुरोधमा सकारात्मक हुने बताए पनि असार ११ गते प्रतिनिधिसभा र राष्ट्रियसभाबाट जेठ १५ गते प्रस्तुत बजेटमा भएको व्यवस्था अनुसार निर्णय भएकोमा विरोध जनाएको छ ।

यसैगरी, जीवनाशक विषादी नियमावलीमा विषादी पञ्जीकरण शुल्क पाँच सयदेखि हजार प्रतिशतसम्म शुल्क वृद्धि गरेको निर्णय पनि एकलौटी भएको भन्दै सङ्घले मूअकर खारेजी र विषादी पञ्जीकरण वृद्धि शुल्क हटाउन माग गर्दै दुई दिन आन्दोलन घोषणा गरेको छ । शुक्रवार र शनिवार देशव्यापीरूपमा विरोध प्रदर्शनका साथै विषादी पसल बन्द गरिने सङ्घका अध्यक्ष छोटेलाल प्रसाद र महासचिव रामचन्द्र कार्कीले विज्ञप्तिमार्फत जानकारी गराएका छन् ।


## डढेलोबाट बचौं र बचाऔं ।

सानो असावधानीले डढेलोबाट जङ्गल मात्र होइन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन् ।

त्यसैले,

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जङ्गल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जङ्गलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड





## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | महावाणिज्य दूतावास | योग दिवस | पुरानो बसपार्क आदर्शनगर | ५:३० |

## प्लम्बिङ तालीम

प्रस, वीरगंज, १३ असार/

सानो पाइलाले पुनर्स्थापना केन्द्रमा



उपचाररत युवालाई व्यावसायिक तालीम दिएको छ ।

सामुदायिक पुनर्स्थापना केन्द्रका १० जना युवालाई बिहीवारदेखि आधारभूत प्लम्बिङ तालीम दिएको छ । लागूऔषध नियन्त्रण शाखाले अनुदानका लागि छनोटमा परेका चारवटा पुनर्स्थापना केन्द्रमध्ये सानो पाइलालाई तालीम सञ्चालनार्थ आर्थिक सहयोग गर्ने निर्णय गरेपछि तालीम दिइएको हो ।

सो क्रममा पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले गृह मन्त्रालयबाट उपलब्ध अनुदानबाट सञ्चालन गरिएको तालीमबारे चासो राख्दै आज पुनर्स्थापना केन्द्रको निरीक्षण गरेको सानो पाइला सामुदायिक पुनर्स्थापना केन्द्रका प्रमुख भाजु पटेलले जानकारी गराए ।

**बजेटमा ...**

गर्नुहुन्न भन्ने चलन अन्त्य हुनुपर्ने बताए । राष्ट्रियसभा सदस्य विष्णुकुमारी सापकोटाले पनि विनियोजन विधेयकमा सांसदले दिएको सुझाव समावेश नहुने गरेको भन्दै आपत्ति जनाइन् । राष्ट्रियसभा सदस्य तुलप्रसाद विश्वकर्माले सेवाप्रदायकलाई सहज बनाउन आएको विधेयकमा टिप्पणी गर्दै बजेट विनियोजन गर्ने क्रममा सन्तुलितरूपमा बजेट विनियोजन हुन नसकेको बताए । राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरेले सन्तुलितरूपमा बजेट विनियोजन भएको भन्दै विधेयकको स्वागत गरिन् ।

# खेलकूदको संसार

## अफगानिस्तानलाई हराउँदै दक्षिण अफ्रिका फाइनलमा

काठमाडौं, १३ असार/रासस

अफगानिस्तानलाई पराजित गर्दै दक्षिण अफ्रिका टी–२० विश्वकप क्रिकेटको फाइनमा पुगेको छ ।



ट्रिनिडाड एन्ड टोबागोको टरौबामा बिहीवार भएको पहिलो सेमिफाइनल खेलमा दक्षिण अफ्रिकाले अफगानिस्तानलाई नौ विकेटले पराजित गर्दै विश्वकप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको हो ।

टस जितेर पहिला ब्याटिङ रोजेको अफगानिस्तानले दक्षिण अफ्रिकालाई ५७ रनको लक्ष्य दिएको थियो । जवाफमा दक्षिण अफ्रिकाले ८.५ ओभरमा एक विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो । दक्षिण अफ्रिकाको लागि रिजा हेन्ड्रिकसले सर्वाधिक २९ रनको योगदान दिए भने कप्तान ऐडन मारक्रमले २३ रन बनाए ।

अफगानिस्तानका लागि अजमतुल्लाह ओमाजाईले १० रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

## समानुपातिकरूपमा बजेट विनियोजन भएको छ–नगरप्रमुख सिंह

प्रस, वीरगंज, १३ असार/



तस्वीरः प्रतीक

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महानगरका ३२ वटै वडामा समानुपातिकरूपमा बजेट विनियोजन गरिएको दाबी गरेका छन् ।

वीरगंज महानगरपालिका–५ मा बिहीवार आयोजित सार्वजनिक सुनवाइ कार्यक्रममा नगरप्रमुख सिंहले असार ८ गते सम्पन्न नगरसभाबाट वीरगंज महानगरपालिकाका ३२ वटै वडामा समानुपातिकरूपमा आगामी आवका लागि बजेट विनियोजन गरिएको दाबी गरे । उनले वडास्तरीय योजना छनोट गर्दा जनप्रतिनिधिहरू जनताको घरदैलोमै पुगेर समस्या बुझ्नुपर्ने बताए । उनले नागरिक सुशासन, पारदर्शिता र जनअपेक्षाअनुरूप वीरगंज बनाउने अभियानमा नेतृत्व जुटिरहेको बताउँदै नगरवासीको सहयोग र सहकार्यबाट वैभव वीरगंजको परिकल्पना साकार हुने बताए ।

कार्यक्रममा सहभागीहरूले वीरगंजमा हाल खानेपानीको समस्या विकराल बन्दै गएको र ढल, नालाको व्यवस्थापन, अव्यवस्थित बिजुलीका पोल र तारहरूको व्यवस्थापन, वर्षामा डुबान हुने समस्या समाधान गर्न नगरप्रमुख सिंहको ध्यानाकर्षण गराएका थिए ।

वडाध्यक्ष प्रदीप चौरसियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज महानगरको आमसञ्चार प्रवर्द्धन तथा नियमन समितिका संयोजक ध्रुव अधिकारीले प्रतिवेदन प्रस्तुत गरेका थिए भने पत्रकार ओमप्रकाश खनालले सार्वजनिक सुनवाइबारे टिप्पणी गरेका थिए ।

## घरजग्गा कारोबार गर्दा राष्ट्रिय परिचयपत्र अनिवार्य

काठमाडौं, १३ असार/रासस

सरकारले घरजग्गा खरिद–बिक्री गर्नका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ ।

गृह मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै आगामी माघ १ गतेदेखि घरजग्गा किनबेचमा पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको हो ।

अहिले क्रेता र विक्रेताको नागरिकताबाट घरजग्गाको राजीनामा पास र लिखत पारित हुँदै आएको भएपनि माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रलाई सबै निकायतिर कार्यान्वयनमा ल्याउने उद्देश्य बमोजिम घरजग्गा किनबेचमा पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराइले जानकारी दिए ।

उनले भने, "सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा ३ र १० को प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रको प्रयोग सम्बन्धमा गरेका निर्णय समेटेर गृह मन्त्रालयले राजपत्रमा सार्वजनिक सूचना प्रकाशन गरेको छ, अब घरजग्गा किनबेचमा पनि राष्ट्रिय परिचयपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।"

मन्त्रालयले माघ १ देखि बैंकिङ तथा वित्तीय सेवा, सामाजिक सुरक्षा कोष र घरजग्गा किनबेचसम्बन्धी सेवाका लागि पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ ।

विभिन्न जिल्लामा लागू हुनेगरी सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, निवृत्तिभरण, राजस्व (व्यक्तिगत आयकर दर्ता), सवारी चालक अनुमतिपत्र, कम्पनी दर्ता तथा नवीकरणसम्बन्धी सेवा प्राप्त गर्न आगामी साउन १ देखि नै राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता भट्टराईले बताए ।

उनका अनुसार आगामी माघ १ गतेदेखि सिमकार्ड लिन पनि राष्ट्रिय परिचयपत्र अनिवार्य पेश गर्नुपर्ने भएको छ ।

गृह मन्त्रालयले जारी गरेको सूचना अनुसार सरकारी निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न अब नागरिकता प्रमाणपत्रको सट्टा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेश गर्नुपर्ने भएको छ ।



अत्यधिक गर्मीपछि बुधवार वर्षा भएपछि पानीमा रुझ्दै एक जोडी चरा । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक